कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

---------------------------------------------------

२०८२/०५/२३ र २४ गते जेन-जी पुस्ताद्वारा आयोजित देशव्यापी आन्दोलनबाट प्रभावित कोशी प्रदेश सरकारमा भएको क्षतीको एकीकृत विवरण सहितको प्रतिवेदन

------------------------------------

**पेश गरिएको निकाय**
भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश

**पेश गर्ने**
**क्षती अध्ययन तथा मूल्यांकन समिति**
सि.डि.ई. बिनम दाहाल, संयोजक
वरिष्ठ लेखा अधिकृत, ध्यानविर राई, सदस्य
ई. आस्था भट्टराई, सदस्य
ई. प्रविण कुमार यादव, सदस्य
ई. सोनम सिन्हा, सदस्य सचिव

---

**मिति: २०८२ आश्विन ३१ गते**

# विषयसूची


१. पृष्ठभूमि ....................

२. उधेश्य ....................

३. कार्यक्षेत्र ....................

४. कार्यविधि ....................

५. अवलोकन ....................

५.१ मर्मत प्राथमिकीकरण कार्ययोजना: ....................

६. सुझाव तथा सिफारिस ....................

७. निष्कर्ष ....................

८. स्थलगत अनुगमन र नापजाँचका क्रममा लिएका तस्विर संग्रह ....................

## तस्विरहरुको संग्रह

तस्विर 1 भौतिक पूर्वाधार विकास मन्त्रालयको RVDA पश्चातको तस्विर ............................................................

तस्विर 2 भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रतिवेदन हस्तान्तरण............................................................

तस्विर ३ प्रदेश सभा सचिवालय भवनको क्षतीको अवस्था............................................................

तस्विर ४ प्रदेश सभा सचिवालयको भवनको क्षतिको अवस्था............................................................

## तालिकाहरुको संग्रह

तालिका 1: क्षतिगत वर्गिकरण विवरण ............................................................

तालिका 2: मन्त्रालय/सचिवालय/आयोगगत क्षतिको संख्यात्मक वर्गीकरण विवरण............................................................

तालिका 3: मन्त्रालय/सचिवालय/आयोगगत क्षतिको लागत विवरण............................................................

तालिका 4: जिल्ला अनुसार क्षतिको संख्यात्मक वर्गीकरण विवरण............................................................

तालिका 5: जिल्ला अनुसार क्षतिको लागत विवरण ............................................................

तालिका 6: मन्त्रालयगत क्षति भएका भवनहरुको विस्तृत विवरण............................................................

तालिका 7: जिल्लागत क्षति भएका भवनहरुको विस्तृत विवरण............................................................

तालिका 8: प्राथमिकीकरण सहितको मर्मत कार्ययोजना ............................................................

तालिका ९: मन्त्रालय अनुसार क्षतिको लागत विवरण............................................................

## 1. पृष्ठभूमि

जेन-जी पुस्तादव्ारा २०८२/०५/२३ र २४ गते आयोजित देशव्यापी आन्दोलनका क्रममा कोशी प्रदेश सरकार मातहतका मन्त्रालय, आयोग, निर्देशनालय तथा मातहतका जिल्ला कार्यालयहरू र सरकारी आवासीय संरचनाहरूमा आगजनी, तोडफोड तथा अन्य हिंसात्मक गतिविधिहरू गरिई उल्लेखनीय भौतिक क्षति पुगेको थियो । यस घटनाले प्रदेश सरकारका प्रशासनिक कार्य, सेवा प्रवाह र नागरिक केन्द्रित कार्यक्रमहरूमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।सोही परिप्रेक्ष्यमा कोशी प्रदेश सरकारको २०८२/०६/०२ को मन्त्रीपरिषद्को बैठकले आन्दोलनबाट प्रभावित सम्पूर्ण संरचनाहरूको विस्तृत क्षति मूल्याङ्कन गरी मर्मत तथा पुनर्निर्माणको प्राथमिकता निर्धारणसहित लागत अनुमान तयार गर्ने निर्णय गर्दै २०८२/०७/०९ सम्ममा प्रतिवेदन पेश गर्ने जिम्मेवारी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई प्रदान गरेको थियो । यस प्रतिवेदन तयार गर्ने क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयले २०८२/०५/२३ र २४ गते जेन-जी पुस्तादव्ारा आयोजित देशव्यापी आन्दोलनबाट प्रभावित कोशी प्रदेश सरकार मातहतका विभिन्न मन्त्रालय, आयोग, निर्देशनालय, जिल्लास्थित कार्यालय तथा सरकारी आवासीय संरचनाहरूको विस्तृत अनुगमन र मूल्याङ्कन कार्य सम्पन्न गरेको छ । यस क्रममा आन्दोलनका कारण भएका क्षतिको स्तर र प्रकृतिलाई व्यवस्थित रूपमा निर्धारण गरियो र उपलब्ध तथ्यांक तथा स्थलगत निरीक्षणको आधारमा कुन संरचना तत्काल प्रयोगयोग्य छ र कुन पूर्ण वा आंशिक रूपमा अप्रयोगयोग्य रहेको छ भन्ने यथार्थ अवस्था छुट्याइएको छ । त्यससँगै क्षतिग्रस्त संरचनाहरूको प्रकृति, स्थान, आकार र क्षतिको तीव्रता अनुसार आवश्यक मर्मत तथा पुनर्निर्माण लागतको यथार्थ, प्राविधिक तथा वित्तीय दृष्टिले विश्वसनीय अनुमान तयार गरिएको छ । साथै, मन्त्रालयवार र जिल्लावार क्षतिको विवरणलाई एकीकृत रूपमा संकलन, वर्गीकरण र वि

## 2. उधेश्य

प्राथमिकता तय गर्न मद्दत हुनेछ ।

**यस अध्ययनको मुख्य उधेश्य निम्न बमोजिम रहेको थियो :**

**क) क्षतिको स्तर निर्धारण** – आन्दोलनका कारण कोशी प्रदेश सरकार मातहतका मन्त्रालय, आयोग, निर्देशनालय, जिल्ला कार्यालय तथा सरकारी आवासीय संरचनामा पुगेको क्षतिको दायरा, गहिराइ र प्रकृति व्यवस्थितरूपमा मूल्याङ्कन गर्ने।

**ख) प्रयोगयोग्य र अप्रयोगयोग्य संरचना छुट्याउने** – क्षतिको अवस्था अनुसार तुरुन्त प्रयोग गर्न मिल्ने र प्रयोग गर्न नहुने (पूर्ण वा आंशिक रूपमा अप्रयोगयोग्य) संरचनाहरूको पहिचान र वर्गीकरण गर्ने।

**ग) मर्मत तथा पुनर्निर्माण लागतको यथार्थ अनुमान गर्ने** – क्षतिग्रस्त संरचनाहरूको प्रकृति, स्थान र तीव्रता अनुसार आवश्यक मर्मत तथा पुनर्निर्माणका लागि प्राविधिक र वित्तीय दृष्टिले विश्वसनीय लागत अनुमान तयार गर्ने।

**घ) मन्त्रालयवार विवरण संकलन** – प्रत्येक मन्त्रालय र मातहतका निकायहरूमा भएका क्षतिको विवरणलाई छुट्टाछुट्टै संकलन, वर्गीकरण र विश्लेषण गर्ने।

**ङ) जिल्लावार विवरण संकलन** – प्रत्येक जिल्लामा आन्दोलनबाट प्रभावित संरचना, सम्पत्ति र स्रोतको क्षतिको विवरण एकीकृत रूपमा संकलन र प्रस्तुत गर्ने।

**च) पुनर्निर्माणको प्राथमिकता निर्धारणमा गर्ने** – माथिका सबै बुँदाको आधारमा एकीकृत, प्राविधिक र वित्तीय पक्ष समेटिएको प्रतिवेदन तयार गरी पुनर्निर्माणको प्राथमिकता निर्धारणमा मार्गदर्शन गर्ने।

## 3. कार्यक्षेत्र

**यस अध्ययनको कार्यक्षेत्र निम्न अनुसार रहेको थियो :**

**क) क्षति पहिचान र तथ्यांक संकलन** – आन्दोलनबाट प्रभावित सम्पूर्ण मन्त्रालय, आयोग, निर्देशनालय, जिल्ला कार्यालय तथा सरकारी आवासीय संरचनाहरूको स्थलगत निरीक्षण गरी क्षतिको प्रकृति, स्तर र प्रभावको विस्तृत विवरण संकलन गर्ने।

**ख) संरचनाको अवस्था मूल्याङ्कन** – संकलित तथ्यांकको आधारमा प्रत्येक संरचनाको उपयोगयोग्यता परीक्षण गरी तुरुन्त प्रयोगयोग्य, आंशिक प्रयोगयोग्य वा अप्रयोगयोग्य भनेर वर्गीकरण गर्ने।

**ग) मर्मत तथा पुनर्निर्माण लागत अनुमान** – क्षतिको गहिराइ, स्थान, संरचनाको प्रकार र आवश्यक स्रोतको आधारमा प्राविधिक तथा वित्तीय दृष्टिले विश्वसनीय लागत अनुमान तयार गर्ने।

**घ) मन्त्रालयवार र जिल्लावार विवरण तयार गर्ने** – सबै मन्त्रालय र जिल्लाहरूमा भएको क्षतिको विवरण छुट्टाछुट्टै वर्गीकरण र विश्लेषण गरी एकीकृत विवरण तयार गर्ने।

**ङ) नतिजा विश्लेषण र प्रतिवेदन तयारी** – संकलित र विश्लेषित विवरणको आधारमा पुनर्निर्माण र मर्मतको प्राथमिकता निर्धारणसहित एकीकृत प्रतिवेदन तयार गर्ने।

**च) नीतिगत सुझाव र प्राथमिकता निर्धारण** – तयार गरिएको प्रतिवेदनमार्फत पुनर्निर्माण र मर्मत कार्यका लागि आवश्यक नीतिगत सुझाव र प्राथमिकता क्रम प्रस्तुत गर्ने।

## 4. कार्यविधि

यस अध्ययनको क्रममा प्रारम्भिक मूल्याङ्कनको चरणमा **Rapid Visual Damage Assessment (RVDA)** विधि अपनाइएको छ, जसलाई नेपाल इन्जिनियर्स एसोसिएसन र मनमोहन टेक्निकल विश्वविद्यालयको प्राविधिक सहयोगमा व्यवस्थित रूपमा सञ्चालन गरिएको हो । यस विधिबाट आन्दोलनबाट प्रभावित संरचनाहरूको क्षति अवस्थाको छिटो, प्रारम्भिक तर विश्वसनीय मूल्याङ्कन गर्न सकियो । यसका लागि प्रारम्भिक चरणमै सम्बन्धित मन्त्रालय तथा जिल्लास्तरका कार्यालयहरूसँग औपचारिक पत्राचार गरी क्षतिको विवरण, उपलब्ध तथ्यांक र पूर्वाधारको अवस्थासम्बन्धी अभिलेख संकलन गरियो । संकलित तथ्यांकलाई पुष्टि र अद्यावधिक गर्न स्थलगत निरीक्षण कार्यक्रम सञ्चालन गरी हरेक प्रभावित संरचनाको नापजाँच, अवस्थाको प्रत्यक्ष अवलोकन, विस्तृत फोटो अभिलेख तयार पार्ने र प्राथमिक प्राविधिक परीक्षणहरू (जस्तै संरचनाको स्थायित्व, सुरक्षा स्तर, उपयोगयोग्यता आदि) सम्पन्न गरियो । यी सबै कार्यपछि मन्त्रालयवार र जिल्लावार संकलित डेटा एकीकृत गरी कम्पाइल गरियो र त्यसलाई विश्लेषण गरेर तालिका, र चार्टजस्ता दृश्यात्मक माध्यममार्फत प्रस्तुत गरिएको छ, जसले क्षतिको अवस्था, वितरण र प्राथमिकता निर्धारण गर्न सजिलो बनाएको छ ।

## 5. अवलोकन

भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा गठन गरिएको प्राविधिक टोलीले २०८२/०६/१० देखि २०८२/०६/२५ सम्म आन्दोलनबाट प्रभावित कोशी प्रदेशका विभिन्न मन्त्रालय, आयोग, निर्देशनालय तथा जिल्ला कार्यालय भवनहरूमा स्थलगत अवलोकन, नाप-जाँच, फोटो अभिलेख र प्राथमिक परीक्षणहरू सम्पन्न गऱ्यो । निरीक्षणका क्रममा अधिकांश भवनमा छाना, पर्खाल, ढोका-झ्याल, विद्युत आपूर्ति, फर्निचर तथा अभिलेखहरूमा विभिन्न स्तरको क्षति देखियो । केही संरचना आंशिक रूपमा प्रयोगयोग्य भए पनि कतिपय भवनहरू तत्काल प्रयोग गर्न अयोग्य देखिएका छन् । अवलोकनकै क्रममा खिचिएका फोटो तथा मापन-तथ्यांकलाई विश्लेषण गरी मन्त्रालयवार र जिल्लावार क्षतिको स्तर निर्धारण गरिएको छ र प्राथमिकता-क्रममा मर्मत तथा पुनर्निर्माणको आवश्यकता देखाइएको छ ।

## तालिका १: क्षतिगत वर्गिकरण विवरण

| क्र.सं. | क्षतिको प्रकार | जम्मा क्ष्यतिको | जम्मा क्ष्यतिको रकम (रू.) | क्ष्यतिको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थायी संरचनाको क्षति | ५० | १८,४६,२७,२५६.६७ | २४.००% | आयोग, मन्त्रालय, कार्यालय तथा आवस भवनहरु (RCC frame, Truss structure etc.) |
| २ | सवारी साधनको क्षति | २६५ | ४१,५२,९४,१४९ | ५४.००% | चारपांग्रे, दुईपांग्रे, इभि, साइकल |
| ३ | फर्निचरको क्षति | २४८८ | ४,३१,०४,२१७.६ | ५.७% | सोफा, टेवल आदि |
| ४ | यन्त्र उपकरणको क्षति | २१०६ | 10,51,85,78२ | १३.७% | कम्प्पुटर, प्रिन्टर, एसि, फ्रिज आदि |
| ५ | सूचना प्रणालीमा भएको क्षति | ३८५ | १,७१,५३,२७२ | २.३% | Software, Hardware(Server Computer, Router), Telephone, Sound system, Microphone, NVR, etc. |
| ६ | अन्य | २०४ | ४१,७८,२६२.४ | ०.६% | ग्याँस चुलो, सिलिन्डर, गलैचा, पर्दा, थाल, बिजुलीको तार आदि |
| **जम्मा** | | **५४९८** | **७६,९५,४२,९३९.७** | **१००%** | |

### तालिका २ : मन्त्रालय/सचिवालय/आयोगगत क्षतीको संख्यात्मक वर्गिकरण विवरण

| क्र.सं. | मन्त्रालय/सचिवालय/आयोग | | सवारी साधनको क्षति संख्या | फर्निचरको क्षति संख्या | | सूचना प्रणालीमा | अन्य |
|---|---|---|---|---|---|---|---|

| | | स्थायी संरचनाको | साइकल | मोटरसाइकल/ स्कुटर | चारपांग्रे | इभि | | यन्त्र उपकरणको | भएको क्षति संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रदेश सभा सचिवालय | २ | १ | १२ | ८ | १ | ८६६ | २३३ | १६३ | २५ |
| २ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ९ | ९ | १५ | १२ | - | ७०६ | ७११ | १२ | ४३ |
| ३ | श्री प्रदेश लोक सेवा आयोग | ० | - | - | - | - | - | - | - | - |
| ४ | श्री प्रदेश योजना आयोग | १ | - | - | - | - | - | - | - | - |
| ५ | श्री मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | - | - | - | - | - | १ | - | - |
| ६ | श्री स्वास्थ्य मन्त्रालय | ६ | ४ | ९ | ३ | - | १७८ | ११५ | १५८ | ४५ |
| ७ | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५ | - | १८ | ९ | - | ६३ | ६९ | - | १ |
| ८ | श्री भौतिक पूर्वाधार विकास मन्त्रालय | ७ | १ | ५१ | ९ | - | २१८ | २१६ | ३० | ८७ |
| ९ | श्री आर्थिक मामिला तथा योजना मन्त्रालय | ३ | १ | १५ | ४ | २ | १४ | १२९ | - | - |
| १० | श्री उद्योग,कृषि तथा सहकारी मन्त्रालय | ५ | - | २४ | १० | - | २९४ | २५१ | ११ | ३ |
| ११ | श्री खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय | ३ | १ | ५ | १ | - | ६५ | २०१ | ६ | - |
| १२ | श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७ | २ | १९ | ८ | - | ६२ | ११६ | - | - |
| १३ | श्री सामाजिक विकास मन्त्रालय | २ | १ | ४ | ४ | १ | २२ | ६४ | ५ | - |
| १४ | श्री प्रदेश लगानी प्राधिकरण | ० | - | १ | - | - | - | - | - | - |
| **जम्मा** | | **५०** | **२०** | **१७३** | **६८** | **४** | **२४८८** | **२१०६** | **३८५** | **२०४** |

## तालिका ३ : मन्त्रालय/सचिवालय/आयोगगत क्षतीको लागत विवरण

| क्र.सं. | मन्त्रालय/सचिवालय/आयोग | स्थायी संरचनाको क्षति (रू.) | सवारी साधनको क्षति (रू.) | फर्निचरको क्षति (रू.) | यन्त्र उपकरणको क्षति (रू.) | सूचना प्रणालीमा भएको क्षति (रू.) | क्ष्यति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रदेश सभा सचिवालय | ४,६७,१०,९३० | ५,०५,३७,७९६ | ९६,२०,८२३.६५ | १,१२,२७,७८१ | ८६,४८,०२१.७ | | |
| २ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २,७२,६३,१४५.४२ | ७,७९,४१,६७२ | १,४५,९८,८६९ | ४,२४,५४,००९ | ३९,७१,०६० | | |
| ३ | श्री प्रदेश लोक सेवा आयोग | ० | - | - | - | - | | |
| ४ | श्री प्रदेश योजना आयोग | ५,६०,००० | - | - | २०,२७,९५६ | २४,८६० | | मुख्यमन्त्री कार्यालय भित्र समावेश |
| ५ | श्री मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | - | - | ५००० | - | | |
| ६ | श्री स्वास्थ्य मन्त्रालय | ३३,३५,१४२.७९ | १,५४,५६,४१३ | ३३,५०,०३१ | ३६,११,३२४ | १८,२२,२६५.३ | | |
| ७ | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६,४७,७३,२१४.३४ | ६,००,८०,००० | २३,३६,५०० | ३४,००,००० | - | | |
| ८ | श्री भौतिक पूर्वाधार विकास मन्त्रालय | १,६२,५५,७१७.०८ | ४,४४,७५,८५५ | ३९,४५,६८४ | १,२९,९४,४३५ | १२,०८,००० | | |
| ९ | श्री आर्थिक मामिला तथा योजना मन्त्रालय | ३,६४,५६५.७५ | २,६३,३३,०३३ | ८,५५,३९६ | ५२,९१,८०१ | - | | |
| १० | श्री उदयोग,कृषि तथा सहकारी मन्त्रालय | ३६,९०,९९९.८६ | ६,४३,५९,६३१ | ५२,७३,७७१.६ | १,३७,५४,०९६ | ९,१५,००० | | |
| ११ | श्री खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय | ७८,७६,५९८.२ | ६८,२१,६०० | १६,७८,५०० | ५४,७९,१७८ | ५,३९,५०० | | |
| १२ | श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय | १,०२,४९,८९९.४२ | ६,३७,८९,८९५ | ११,९६,६६८ | ३७,७९,३६८ | - | | |
| १३ | श्री सामाजिक विकास मन्त्रालय | ३५,४७,०४३.८१ | ५१,९८,४०३ | २,३८,४७४ | ३१,८८,७८९ | ४९,४२५ | | |
| १४ | श्री प्रदेश लगानी प्राधिकरण | ० | २,९९,८५० | - | - | - | | |
| **जम्मा** | | **१८,४६,२७,२५६.६७** | **४१,५२,९४,१४९** | **४,३१,०४,२१७.६** | **१०,५१,८५,७८२** | **१,७१,५३,२७२** | | |

## तालिका ४ : जिल्ला अनुसार क्षतीको संख्यात्मक वर्गिकरण विवरण

| क्र.सं. | जिल्ला | स्थायी संरचनाको क्षति संख्या | सवारी साधनको क्षति संख्या | फर्निचरको क्षति संख्या | यन्त्र उपकरणको क्षति संख्या | सूचना प्रणालीमा भएको क्षति संख्या | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | ४३ | २३७ | २४८८ | २०९१ | ३८५ | २०४ |
| २ | सुनसरी | २ | ३ | - | - | - | - |
| ३ | झापा | ४ | २५ | - | १५ | - | - |
| ४ | उदयपर | १ | - | - | - | - | - |
| ५ | ताप्लेजुङ्ग | ० | - | - | - | - | - |
| ६ | संखवासभा | ० | - | - | - | - | - |
| ७ | धनकटा | ० | - | - | - | - | - |
| ८ | ईलाम | ० | - | - | - | - | - |
| ९ | भोजपर | ० | - | - | - | - | - |
| १० | ओखलढुंगा | ० | - | - | - | - | - |
| ११ | सोलखम्भ | ० | - | - | - | - | - |
| १२ | खोटाङ | ० | - | - | - | - | - |
| १३ | पाँचथर | ० | - | - | - | - | - |
| १४ | तेह्रथम | ० | - | - | - | - | - |
| **जम्मा** | | **५०** | **२६५** | **२४८८** | **२१०६** | **३८५** | **२०४** |

## तालिका ५ : जिल्ला अनुसार क्षतीको लागत विवरण

| क्र.सं. | जिल्ला | स्थायी संरचनाको क्षति (रू.) | सवारी साधनको क्षति (रू.) | फर्निचरको क्षति (रू.) | यन्त्र उपकरणको क्षति (रू.) | सूचना प्रणालीमा भएको क्षति (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | ११,४३,१०,१६९.२७ | ४०,८६,७७,४६२ | ४,३१,०४,२१७.६ | ९,९१,५४,७८१ | ९८,२२,९३ | |
| २ | सुनसरी | ५,७३,४३,८८२.७६ | ५,७५,००० | - | - | - | |
| ३ | झापा | १,२८,७३,२१९.६४ | ६०,४१,६८७ | - | ६०,३१,००० | - | |
| ४ | उदयपर | ९९,९८५ | - | - | - | - | |
| ५ | ताप्लेजुङ्ग | ० | - | - | - | - | |
| ६ | संखवासभा | ० | - | - | - | - | |
| ७ | धनकटा | ० | - | - | - | - | |
| ८ | ईलाम | ० | - | - | - | - | |
| ९ | भोजपर | ० | - | - | - | - | |
| १० | ओखलढंगा | ० | - | - | - | - | |
| ११ | सोलखम्भ | ० | - | - | - | - | |
| १२ | खोटाङ | ० | - | - | - | - | |
| १३ | पाँचथर | ० | - | - | - | - | |
| १४ | तेह्रथुम | ० | - | - | - | - | |
| **जम्मा** | | **१८,४६,२७,२५६.६७** | **४१,५२,९४,१४९** | **४,३१,०४,२१७.६** | **१०,५१,८५,७८२** | **१,७१,५३,२७२** | |

## तालिका ६ मन्त्रालयगत क्षती भएका भवनहरुको विस्तृत विवरण

| क्र.सं. | जिल्ला | कार्यालय भवन क्षती संख्या | आवास भवन क्षती संख्या | आगलागी भएका भवन संख्या | तोडफोड भएका भवन संख्या | प्रयोग गर्न नमिल्ने गरि क्षती भएका भवन संख्या | मर्मत गरि प्रयोग गर्न मिल्ने भवन संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रदेश सभा सचिवालय | २ | ० | २ | ० | २ | ० | जलेर पूर्ण |
| २ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ७ | २ | ७ | २ | ३ | ६ | |
| ३ | श्री प्रदेश लोक सेवा आयोग | ० | ० | ० | ० | ० | ० | |
| ४ | श्री प्रदेश योजना आयोग | १ | ० | १ | ० | ० | १ | |
| ५ | श्री मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | ० | ० | ० | ० | |
| ६ | श्री स्वास्थ्य मन्त्रालय | ६ | ० | ४ | २ | ० | ६ | |
| ७ | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५ | ० | ५ | ० | ० | ५ | |
| ८ | श्री भौतिक पूर्वाधार विकास मन्त्रालय | ५ | २ | ५ | २ | ० | ७ | |
| ९ | श्री आर्थिक मामिला तथा योजना मन्त्रालय | ३ | ० | १ | २ | ० | ३ | |
| १० | श्री उदयोग,कृषि तथा सहकारी मन्त्रालय | ५ | ० | ५ | ० | १ | ४ | |
| ११ | श्री खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय | ३ | ० | २ | १ | १ | २ | |
| १२ | श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७ | ० | ७ | ० | २ | ५ | |
| १३ | श्री सामाजिक विकास मन्त्रालय | २ | ० | १ | १ | ० | २ | |
| १४ | श्री प्रदेश लगानी प्राधिकरण | ० | | | | | | |
| **जम्मा** | | **४६** | **४** | **४०** | **१०** | **९** | **४१** | |

## तालिका ७ जिल्लागत क्षती भएका भवनहरुको विस्तृत विवरण

| क्र.सं. | जिल्ला | कार्यालय भवन क्षती संख्या | आवास भवन क्षती संख्या | आगलागी भएका भवन संख्या | तोडफोड भएका भवन संख्या | प्रयोग गर्न नमिल्ने गरि क्षती भएका भवन संख्या | मर्मत गरि प्रयोग गर्न मिल्ने भवन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | ३९ | ४ | ३३ | १० | ९ | ३४ | |
| २ | सुनसरी | २ | ० | २ | ० | ० | २ | |
| ३ | झापा | ४ | ० | ४ | ० | ० | ४ | |
| ४ | उदयपुर | १ | ० | ० | १ | ० | १ | |
| ५ | ताप्लेजुङ्ग | ० | ० | ० | ० | ० | ० | |
| ६ | संखुवासभा | ० | ० | ० | ० | ० | ० | |
| ७ | धनकटा | ० | ० | ० | ० | ० | ० | |
| ८ | ईलाम | ० | ० | ० | ० | ० | ० | |
| ९ | भोजपुर | ० | ० | ० | ० | ० | ० | |
| १० | ओखलढुंगा | ० | ० | ० | ० | ० | ० | |
| ११ | सोलखुम्भु | ० | ० | ० | ० | ० | ० | |
| १२ | खोटाङ | ० | ० | ० | ० | ० | ० | |
| १३ | पाँचथर | ० | ० | ० | ० | ० | ० | |
| १४ | तेह्रथुम | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | **४६** | **४** | **३९** | **११** | **९** | **४१** | |

### ५.१ मर्मत प्राथमिकीकरण कार्ययोजना:

विस्तृत अध्ययन र मूल्यांकन पश्चात क्षतीको मात्रा र मर्मतको लागत अनुमान अनुसार मर्मत प्राथमिकीकरणलाई तीन प्रमुख चरणमा विभाजन गरिएको छ ।

**<u>क) पहिलो चरणको मर्मत कार्ययोजना :</u>** सामान्य क्षति भएका र सामान्य मर्मत पश्चात तत्काल प्रयोगमा ल्याउन सकिने (हरियो स्टिकर लगाइएका) संरचना जस्मा सामान्य तोडफोड, झ्यालका सिसा फुटाइएका, रङ रोगन आवश्यक रहेका, झ्याल ढोकामा भएका तोडफोड आदिलाई पहिलो चरणको मर्मत कार्य भनि बर्गिकरण गरिएको छ । छोटो प्रकृया मार्फत सरचना प्रयोगमा ल्याउन सकिने र न्यून लागतमा पूर्ण रुपमा संचालन ल्याउन सकिने संरचनालाई पहिलो चरणको मर्मत कार्ययोजनामा राखिएको छ ।

**<u>ख) दोश्रो चरणको मर्मत कार्ययोजना :</u>** बढी क्षती भएका र सामान्य रेट्रोफिटिङ र मर्मत पश्चात प्रयोगमा ल्याउन सकिने (पहेलो स्टिकर लगाइएका) संरचना जस्मा भित्ताको प्लास्टर फुटेर झरेका, जमीन ढलान फुटेका, मर्मत गरी प्रयोगमा ल्याउन सकिने किसिमका ट्रस भवन संरचनाहरु आदिलाई दोश्रो चरणको मर्मत कार्य भनि बर्गिकरण गरिएको छ ।

**<u>ग) तेश्रो चरणको मर्मत कार्ययोजना :</u>** उल्लेख्य क्षती भएका, मर्मत अत्यन्त खर्चिलो हुने, विस्तृत स्ट्रक्चरल डिजाइन गरि रेट्रोफिटिङ गर्नुपर्ने वा भत्काउनु पर्ने खालका (रातो स्टिकर लगाइएका) संरचना जस्मा बिम, पिल्लर, स्ल्याब जस्ता भवनका प्रमुख संरचनामा दरार देखिएका, छड देखिएका, सुरक्षा दृष्टिकोणले जोखिम युक्त संरचनाहरु आदिलाई तेश्रो चरणको मर्मत कार्य भनि बर्गिकरण गरिएको छ ।

**<u>तालिका ८ प्राथमिकीकरण सहितको मर्मत कार्ययोजना</u>**

| क्र.सं. | क्षतिको प्रकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | प्रथम चरणको मर्मत अन्तर्गतका संरचना (सामान्य मर्मत/रङरोगन गरेर प्रयोग गर्न सकिने) | १४ | २८.००% | |
| २ | आंशिक रुपमा क्षति भएको (तत्काल बस्नका लागि सुरक्षित नभएको तर मर्मत र सामान्य रेट्रोफिट गर्न सकिने देखिएको) | २७ | ५४.००% | |
| ३ | पूर्णरुपमा क्षति भएको (पुनर्प्रयोग गर्न योग्य नदेखिएको) | ९ | १८.००% | |
| **जम्मा** | | **५०** | **१००%** | |

क) पहिलो चरणको मर्मत कार्ययोजना: सामान्य क्षति भएका र सामान्य मर्मत पश्चात तत्काल प्रयोगमा ल्याउन सकिने (हरियो स्टिकर लगाइएका)

| क्र सं | क्षति भएका भवनको नाम | जिल्ला | सम्बन्धित मन्त्रालय | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १. | भौतिक मन्त्रालय सचिवज्यू सरकारी आवास | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| २. | भौतिक मन्त्रालय महाशाखा प्रमुखज्यू आवास | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| ३ | जलश्रोत तथा सिचाई विकास डिभिजन | उदयपुर | खानेपानी ,सिचाई तथा उर्जा मन्त्रालय | आंशिक | |
| ४ | सुरक्षाकर्मी/पलोपहरा टहरो | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ५ | प्रमुख सचिव आवास | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ६ | प्रदेश योजना आयोग कार्यालय | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ७ | मुख्यमन्त्री कार्यालयको नयाँ भवन | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ८ | आर्थिक मामिला मन्त्रालयको मुख्य भवन | मोरङ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आंशिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | तालिम हल ट्रस्ट भवन | मोरङ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आंशिक | |
| १० | प्रहरी विट | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| ११ | नयाँ PHEOC | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| १२ | पर्यटन विकास आयोजना | मोरङ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | आंशिक | |
| १३ | Driving License Building of Transport Management Office | सुनसरी | आन्तरिक मामिला तथा कानून मन्त्रालय' | आंशिक | |
| १४ | मन्त्रालयको मुख्य भवन | मोरङ | सामाजिक विकास मन्त्रालय | आंशिक | |

ख) दोश्रो चरणको मर्मत कार्ययोजना: विस्तृत मर्मत कार्य गर्नुपर्ने (पहेलो स्टिकर लगाइएका)

| क्र सं | क्षति भएका भवनको नाम | जिल्ला | सम्बन्धित मन्त्रालय | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | भौतिक मन्त्रालयको मुख्य भवन | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| २ | आवास भवन तथा सहरी विकास महाशाखा | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| ३ | साविक सहरी विकास तथा भवन कार्यालय | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भौतिक मन्त्रालय राज्यमन्त्रीज्यूको कार्यकक्ष | मोरङ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| ५ | पूर्वाधार विकास कार्यालय ,झापा | झापा | भौतिक पूर्वाधार विकास मन्त्रालय | आंशिक | |
| ६ | जलश्रोत तथा सिचाई विकास डिभिजन | मोरङ | खानेपानी ,सिचाई तथा उर्जा मन्त्रालय | आंशिक | |
| ७ | मुख्यमन्त्री कार्यालय मूल भवन | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ८ | मुख्यमन्त्री आवास | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| ९ | मुख्यमन्त्री कार्यालय क्यान्टिन | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आंशिक | |
| १० | आर्थिक मामिला मन्त्रालय गार्ड निवास/गेट | मोरङ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आंशिक | |
| ११ | मन्त्रालयको मुख्य भवन | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| १२ | WHO Store | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| १३ | मन्त्रालय भवन पछाडिको पुरानो भवन | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| १४ | स्वास्थ्य कार्यालय(स्टोर रूम) | मोरङ | स्वास्थ्य मन्त्रालय | आंशिक | |
| १५ | आन्तरिक मन्त्रालयको मूल भवन | मोरङ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आंशिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १६ | मन्त्रालय गेट नजिकै मुख्य भवन | मोरङ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आंशिक | |
| १७ | Construction of vehicle registration building of Transport Management Office | सुनसरी | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आंशिक | |
| १८ | Construction of transport office | झापा | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आंशिक | |
| १९ | पर्यटन , वन तथा वातावरण मन्त्रालयको मुख्य भवन | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | आंशिक | |
| २० | पर्यटन , वन तथा वातावरण मन्त्रालय पार्किंग टहरो | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | आंशिक | |
| २१ | Store room beside main building | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | आंशिक | |
| २२ | वन कार्यालय मुख्य भवन | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | आंशिक | |
| २३ | उद्योग ,कृषि मन्त्रालयको मुख्य भवन | मोरङ | उद्योग ,कृषि तथा सहकारी मन्त्रालय | आंशिक | |
| २४ | उद्योग , कृषि मन्त्रालयको side building | मोरङ | उद्योग ,कृषि तथा सहकारी मन्त्रालय | आंशिक | |
| २५ | उद्योग कृषि मन्त्रालय मन्त्रीज्यू कार्यकक्ष | मोरङ | उद्योग ,कृषि तथा सहकारी मन्त्रालय | आंशिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | घरेलु तथा सङ उद्योग कार्यालय | झापा | उद्योग ,कृषि तथा सहकारी मन्त्रालय | आंशिक | |
| २७ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र कार्यशाला भवन | झापा | सामाजिक विकास मन्त्रालय | आंशिक | |

ग) तेश्रो चरणको मर्मत कार्ययोजना: रेट्रोफिटिङ्ग वा भत्काई पुन: निर्माण गर्नुपर्ने संरचनाहरु (रातो स्टिकर लगाइएका)

| क्र सं | क्षति भएका भवनको नाम | जिल्ला | सम्बन्धित मन्त्रालय | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ निर्मित खानेपानी मन्त्रालय परिसरमा भवन | मोरङ | खानेपानी ,सिचाई तथा उर्जा मन्त्रालय | पूर्ण | |
| २ | प्रदेश किताबखाना र लेखा इकाई भवन | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | पूर्ण | |
| ३ | प्रदेश सहयोग कार्यक्रम टहरो | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | पूर्ण | |
| ४ | पार्किंग टहरो | मोरङ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | पूर्ण | |
| ५ | प्रदेश सभा मुख्य भवन | मोरङ | कोशी प्रदेश सभा सचिवालय | पूर्ण | |
| ६ | प्रदेश सभा सभाहल | मोरङ | कोशी प्रदेश सभा सचिवालय | पूर्ण | |
| ७ | उधोग , कृषि तथा सहकारी मन्त्रालय स्टोर शाखा | मोरङ | उद्योग , कृषि तथा सहकारी मन्त्रालय | पूर्ण | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | वन कार्यालय meeting hall | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | पुर्ण | |
| ९ | वन कार्यालय पार्किंग | मोरङ | पर्यटन , वन तथा वातावरण मन्त्रालय | पुर्ण | |

## तालिका ९ मन्त्रालय अनुसार क्षतिको लागत विवरण

| **क्र.स.** | **मन्त्रालयको नाम** | **क्षति भएको भवनको विवरण** | **जिल्ला** | **अनुमानित लागत(रु. मा)** | **जम्मा(रु.)** |
|---|---|---|---|---|---|
| **१.** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | | | |
| | | मुख्य भवन | मोरङ | | |
| | | आवास भवन तथा सहरी विकास महाशाखा | मोरङ | | |
| | | भौतिक राज्यमन्त्रीज्यू कार्यकक्ष | मोरङ | | |
| | | भौतिक मन्त्रालय सचिवज्यू आवास | मोरङ | ७३,08,717.08 | |
| | | भौतिक मन्त्रालय महाशाखा प्रमुखज्यू आवास | मोरङ | | **१,६२,५५,७१७.०८** |
| | | साविक सहरी विकास तथा भवन कार्यालय | मोरङ | ५९,४७,००० | |
| | | पूर्वाधार विकास कार्यालय , झापा | झापा | ३०,००,००० | |
| **२.** | **खानेपानी ,सिचाई तथा ऊर्जा मन्त्रालय** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | नयाँ निर्मित मन्त्रालय परिसरमा भवन | मोरङ | ७२,०४,६१३.२० | **७८,७६,५९८.२** |
| | | जलश्रोत तथा सिचाई विकास डिभिजन | उदयपुर | 99,985 | |
| | | जलश्रोत तथा सिचाई विकास डिभिजन | मोरङ | 572000 | |
| **३.** | **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय** | | | | |
| | | मुख्य भवन | मोरङ | २,७२,६३,१४५.४२ | **२,७८,२३,१४५.४२** |
| | | प्रदेश किताबखाना र लेखा इकाई भवन | मोरङ | | |
| | | सुरक्षाकर्मी/पलोपहरा टहरो | मोरङ | | |
| | | प्रदेश सहयोग कार्यक्रम टहरो | मोरङ | | |
| | | मुख्यमन्त्री कार्यालय क्यान्टिन | मोरङ | | |
| | | मुख्यमन्त्री कार्यालयको नयाँ भवन | मोरङ | | |
| | | पार्किंग टहरो | मोरङ | | |
| | | मुख्यमन्त्री आवास | मोरङ | | |
| | | प्रमुख सचिव आवास | मोरङ | | |
| | | प्रदेश योजना आयोग कार्यालय | मोरङ | ५,६०,००० | |
| **४.** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | | | | |
| | | मन्त्रालयको मुख्य भवन | मोरङ | ३,६४,५६५.७५ | **३,६४,५६५.७५** |
| | | गार्ड निवास/गेट | मोरङ | | |
| | | तालिम हल ट्रस्ट भवन | मोरङ | | |
| **५.** | **कोशी प्रदेश सभा सचिवालय** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मुख्य भवन | मोरङ | ४,६७,१०,९३० | **४,६७,१०,९३०** |
| | | सभाहल | मोरङ | | |
| ६. | **स्वास्थ्य मन्त्रालय** | | | | |
| | | मन्त्रालयको तल्लो/पहिलो/दोस्रो तल्ला | मोरङ | ३३,३५,१४२.७९ | **३३,३५,१४२.७९** |
| | | WHO Store | मोरङ | | |
| | | मन्त्रालय भवन पछाडिको पुरानो भवन | मोरङ | | |
| | | प्रहरी विट | मोरङ | | |
| | | नयाँ PHEOC | मोरङ | | |
| | | स्वास्थ्य कार्यालय(स्टोर रूम) | मोरङ | | |
| ७. | **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | | | |
| | | मन्त्रालयको मूल भवन | मोरङ | २०,७८,२३३.१९ | **६,४७,७३,२१४.३४** |
| | | गेट नजिकै मुख्य भवन | मोरङ | | |
| | | Driving License Building of Transport Management Office | सुनसरी | १,७२,६८,३२७.१ | |
| | | Construction of vehicle registration building of Transport Management Office | सुनसरी | ४,००,७५,५५५.६६ | |
| | | Construction of transport office | झापा | ५३,५१,०९८.३४ | |
| ८. | **पर्यटन , वन तथा वातावरण मन्त्रालय** | | | | |
| | | मन्त्रालयको मुख्य भवन | मोरङ | | |
| | | पार्किंग टहरो | मोरङ | | |
| | | वन कार्यालय | मोरङ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Store room beside main building | मोरङ | ३५,४९,८९९.४२ | **१,०२,४९,८९९.४२** |
| | | वन कार्यालय meeting hall | मोरङ | २०,००,००० | |
| | | Parking area | मोरङ | २८,००,००० | |
| | | वन मुख्य भवन | मोरङ | १६,००,००० | |
| | | पर्यटन विकास आयोजना | मोरङ | ३,००,००० | |
| **९.** | **उद्योग ,कृषि तथा सहकारी मन्त्रालय** | | | | |
| | | मन्त्रालयको मुख्य भवन | मोरङ | २६,८६,३४२.८३ | **३६,९०,९९९.८६** |
| | | मन्त्रालयको side building | मोरङ | | |
| | | मन्त्रीज्यू कार्यकक्ष | मोरङ | | |
| | | store sakha | मोरङ | | |
| | | घरेलु तथा सङ उद्योग कार्यालय | झापा | १०,०४,६५७.०३ | |
| **१०.** | **सामाजिक विकास मन्त्रालय** | | | | |
| | | मन्त्रालयको मुख्य भवन | मोरङ | २९,५७९.५४ | **३५,४७,०४३.८१** |
| | | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र कार्यशाला भवन | झापा | ३५,१७,४६४.२७ | |

## 6. सुझाव तथा सिफारिस

समितिले प्रतिवेदन तयार गर्दा विस्तृत अनुगमन र मूल्याङ्कन कार्य सम्पन्न गरेको छ, जस अन्तर्गत संरचनाहरूको प्रयोगयोग्यता, क्षतिको स्तर, प्रकृति, स्थान र आकार निर्धारण गरी आवश्यक मर्मत तथा पुनर्निर्माण लागतको यथार्थ र विश्वसनीय अनुमान तयार गरिएको छ। यस मूल्याङ्कनको आधारमा अब पुनर्स्थापना र पुनर्निर्माणका कामलाई प्राथमिकता अनुसार अघि बढाउन सकिने अवस्था बनेको छ।यस समितिबाट पेश भएका सुझाव तथा सिफारिस निम्न अनुसार छन्:

क) असुरक्षित र जोखिम युक्त सामग्री हटाई साइट क्लियर गर्ने कार्य तत्काल गर्ने व्यवस्था मिलाउने |

ख) तत्काल प्रयोग योग्य संरचनाहरूको सुरक्षा सुनिश्चित गर्दै प्रशासनिक कामकाजलाई निरन्तरता दिने।

ग) आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त संरचनाहरूको प्राथमिकता अनुसार मर्मत र पुनर्निर्माण कार्य सुरु गर्ने।

घ) भविष्यमा यस्ता घटनाबाट जोगिन आपतकालीन सुरक्षा योजना तयार गर्ने र नियमित निरीक्षण प्रणाली लागू गर्ने।

ङ) वित्तीय, प्राविधिक र मानव स्रोत व्यवस्थापनको समन्वय सुनिश्चित गर्दै पुनर्निर्माण कार्यलाई समयमै सम्पन्न गर्ने।

## 7. निष्कर्ष

जेन -जी पुस्तादवारा २०८२/०५/२३ र २४ गते आयोजित देशव्यापी आन्दोलनका क्रममा कोशी प्रदेश सरकार मातहतका मन्त्रालय, आयोग, निर्देशनालय, जिल्लास्थित कार्यालय तथा सरकारी आवासीय संरचनाहरूमा आएको आगजनी, तोडफोड र हिंसात्मक गतिविधिले प्रशासनिक कामकाज, सेवा प्रवाह र नागरिक केन्द्रित कार्यक्रमहरूमा प्रत्यक्ष असर पुर्‍याएको देखिएको छ। यस समितिले आन्दोलनबाट प्रभावित संरचनाहरूको विस्तृत अनुगमन र मूल्याङ्कन सम्पन्न गर्दै यथार्थ, प्राविधिक तथा वित्तीय दृष्टिले विश्वसनीय मर्मत तथा पुनर्निर्माण लागत अनुमान तयार गरेको छ। मूल्याङ्कन अनुसार केही संरचना तत्काल प्रयोगयोग्य रहेका छन् भने केही आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त रहेको पाइयो। यस आधारमा प्राथमिकताअनुसार मर्मत र पुनर्निर्माण कार्य सुरु गर्न सकिने अवस्था बनेको छ।

यसैगरी, भविष्यमा यस्ता घटनाबाट हुने नोक्सान न्यून गर्न र प्रशासनिक निरन्तरतामा बाधा नपरोस् भन्नका लागि सुरक्षा प्रणालीको सुदृढीकरण, नियमित निरीक्षण तथा आपतकालीन योजना अनिवार्य छन्। उपलब्ध तथ्यांक र स्थलगत निरीक्षणको आधारमा तयार पारिएको प्रतिवेदनले पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई प्रभावकारी, व्यवस्थित र समयमै सम्पन्न गर्ने दिशामा मार्गदर्शन गर्नेछ। यसबाट प्रदेश सरकारका संरचनाहरूको दीर्घकालीन सुरक्षा, प्रशासनिक कार्यक्षमता र नागरिक सेवामा निरन्तरता सुनिश्चित गर्न सकिने विश्वास व्यक्त गर्न सकिन्छ।

## 8. स्थलगत अनुगमन र नापजाँचका क्रममा लिएका तस्विर संग्रह

*तस्विर 1 भौतिक पूर्वाधार विकास मन्त्रालयको RVDA पश्चातको तस्विर*




*तस्विर 2 भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रतिवेदन हस्तान्तरण*



*तस्विर ३ प्रदेश सभा सभाहल भवनको क्षतीको अवस्था*



*तस्विर 3 प्रदेश सवा सचिवालयको भवनको क्षतिको अवस्था*